# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०६।१५ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी शिवराज सेढाईसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट

**प्रतिवादी प्रमुख प्रशासकीय अधिकृत शिवराज सेढाईंको हकमा** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७(क) बमोजिमको कसुरमा बिगो रू. ९९,९९,९९९।– कायम गरी ऐ ऐनको दफा ७ बमोजिम जरिवाना हुन एवम् ऐ. ऐनको दफा ७ मा उल्लेख भए बमोजिम ऐ. ऐनको दफा ३(१)(ज) बमोजिम कैद सजाय हुन,

**प्रतिवादी ओमशङ्कर प्रसाद र ओम सप्लायर्सको हकमा** नदीजन्य पदार्थको उत्खनन् तथा बिक्री वितरणको ठेक्का लिए वापत सम्झौता बमोजिम तिर्न बाँकी तेस्रो किस्ता वापत रू.९९,९९,९९९।- र बिक्री ठेक्का कबोल अङ्क रू.२,९९,९९,९९९।- को १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रू.३८,९९,९९९।८७ दाखिल गरेको नदेखिएकोले सो समेत गरी जम्मा रू. १,३८,९९,९९८।८७ (एककरोड अठतीसलाख उनान्सयहजार नौसय अन्ठानब्बे रूपैयाँ सतासी पैसा) सार्वजनिक निकायसमक्ष गरेको कबुलियत, सम्झौता पालन नगरी सार्वजनिक निकायलाई हानि नोक्सानी पुर्‍याएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिमको कसूरमा निजहरूलाई बिगो रू. १,३८,९९,९९८।८७ कायम गरी ऐ ऐनको दफा ८(४) बमोजिम कैद तथा जरिवानाको सजाय गरी बिगोसमेत ऐ. ऐनको दफा ८(४) बमोजिम नै जफत हुन,

मागदावी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले निम्न आधारमा मिति २०८०।१०।०८ को फैसलाबाट निम्न आधारमा सफाई दिएको-:

- प्रतिवादीले अनुसन्धानको क्रममा र अदालतमा गरेको बयानमा ठेक्का सम्झौता गर्दा ओम सप्लार्यसबाट राजस्व असुल नगर्ने, घटी राजस्व असुल गर्ने तथा घटी राजस्व असुल गराउन मद्दत गर्ने कुनै कार्य नगरेको; रकम असुली सम्बन्धमा उपमहानगरपालिकाबाट गरिदै आएको काम कारवाही टुङ्गोमा पुगी नसकेको अवस्थामा कार्यसम्पादन जमानत नलिएको कारणले ठेकेदारबाट तेस्रो किस्ता असुल हुन नसकेको कार्य राजस्व चुहावट नभएको भन्ने जिकीर लिई आरोपित कसुरमा इन्कार भएको।
- विवादित रकम असुल गर्न बाँकी नै रहेकोले राजश्व चुहावट नभएको।
- कार्यसम्पादन जमानत पेश नगरे पनि सम्झौता गर्दा बुझाउनुपर्ने बाँकी रकममध्ये ठेकेदारले दोस्रो किस्ताको रकम बुझाई तेस्रो किस्ताको रकममात्र बुझाउन बाँकी रहेको।
- प्रतिवादी ओम सप्लायर्स र सोका प्रोप्राइटर ओमशङ्कर प्रसादले उक्त रकम मिनाहाका लागि प्रयास गरी बारा जिल्ला अदालतमा मुद्दासमेत दायर गरेको भनी कसूरमा इन्कार रहेको।
- प्रतिवादीहरूले बुझाउन बाँकी रकम बेरूजु जनाई असुलउपरको प्रकृयामा रहेको।
- मूल्य अभिवृद्ध कर तिरे, नतिरेको सम्बन्धमा प्रचलित कानुनबमोजिम अनुसन्धान एवम् कारवाही गर्न राजस्व अनुसन्धान विभागमा लेखी पठाइएकोले सो विषयमा हानिनोक्सानी गरेको ठहर गर्न नमिल्ने।

  विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०६।१५ मा पुनरावेदन गरिएको छः-

**देहायः**

- जि. बारा, जीतपुरसिमरा उपमहानगरपालिकाले पसाहा खोलाबाट स्वीकृत IEE प्रतिवेदनमा उल्लिखित परिमाणमा नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन तथा घाटगद्दी गरी बिक्री गर्ने कार्यको लागि मिति २०७६/७/३ गते प्रकाशित सूचनामा ठेक्का अवधि सम्झौता भएको मितिदेखि २०७७ जेष्ठ मसान्तसम्म रहने तथा ठेकेदारले पहिलो किस्ता

आफूले कबोल गरेको कुल रकमको ३३% रकम सम्झौता गर्ने समयमा बुझाउनुपर्ने तथा बाँकी रकमलाई बराबर २ किस्तामा पहिलो किस्ता २०७६ माघ मसान्त भित्र र अन्तिम किस्ता २०७७ बैशाख मसान्त भित्र बुझाउनुपर्ने। पहिलो किस्ता बाहेक बुझाउन बाँकी रकमको २०७७ असार मसान्तसम्म अवधि भई यस कार्यालयको नाममा ठेकेदारको तर्फबाट जारी बैङ्क जमानत (परफरमेन्स बन्ड) पेश गरेपछि मात्र ठेक्का सम्झौता गरी स्थायी चलानपुर्जी दिइनेछ भनी ठेक्का सम्झौतामा उल्लेख भएको र उपमहानगरपालिका र ओम सप्लायर्सबीच २०७६/८/१६ गते भएको सम्झौतामा सूचनाका शर्तहरू सम्झौताका अभिन्न अङ्गका रूपमा रहनेछन् भनी उल्लेख भएबाट निज प्रतिवादीले ओम सप्लायर्ससँग पहिलो किस्ता बाहेकको रकमको हकमा परफरमेन्स वन्ड लिनुपर्ने सम्झौताअनुसारको रकम नलिएको। सम्झौताअनुसार ठेकेदारले उपमहानगरलाई भुक्तानी गर्नुपर्ने दायित्व पुरा नगरी ठेकेदारले नदीजन्य पदार्थ बिक्री वितरण गर्दासमेत कारवाही सम्बन्धी कुनै प्रक्रिया पुरा गरेको नदेखिएको, ओमशङ्कर प्रसाद र ओम सप्लायर्सले सम्झौता विपरीत उत्खनन् कार्य गरेको देखिएको हुँदा नदी उत्खनन् कार्य रोक्ने सम्बन्धमा जिल्ला प्रशासन कार्यालय बाराले पत्राचार गर्दा समेत नगरपालिकाका जिम्मेवार कर्मचारी शिवराज सेढाईंले उत्खनन् कार्य रोक्का नगरी नियमित रूपमा उत्खनन्, बिक्री, वितरणको कार्य गर्न दिएको, ठेकेदारबाट सम्झौता बमोजिमको मितिमा राजस्व रकम दाखिला नभएपछि ठेक्का रोक्ने, कालोसूचीमा राख्नेजस्तो कुनै पनि कार्य गरेको नदेखिँदा प्रतिवादी शिवराज सेढाइँ र ठेकेदारले मिलेमतो गरी अनिवार्य रूपमा लिनुपर्ने Performance Bond नलिई राजश्व चुहावट गरेको तथ्य प्रमाणित भएको।

- खोलाजन्य पदार्थ उत्खनन्, सङ्कलन तथा घाटगद्दी गरी बिक्री गर्ने कार्य सरकारी ठेक्का बन्दोबस्त सम्बन्धी ऐन, २०२० को दफा ३ अन्तर्गत भएको र उक्त ऐन बमोजिम नै यस ठेक्कामा ३ किस्तामा विभाजित कबुल रकम प्रत्येक चरणमा अग्रिमरूपमा किस्ता भुक्तानी गर्ने शर्तसहित कबुल रकममा कुनै छुट नदिई प्रथम किस्ता वापतको रकम अग्रिम दाखिला गराएर मात्र सम्झौता गरेको भन्नेसमेत व्यहोरा उल्लेख गरे तापनि उक्त ठेक्काको प्रकाशित सूचना र सम्झौतामा कहीँकतै कुनै ऐन नियमको उल्लेख नभएको अवस्थामा दुई पक्षबीचको सम्झौताका शर्तहरू नै उक्त ठेक्का सञ्चालनको मुख्य आधार रहने कुरामा दुइमत छैन। निज प्रतिवादी शिवराज सेढाइँ उक्त ठेक्काको पक्षसमेत रहेको अवस्थामा उक्त ठेक्का सम्झौताका शर्तहरूको अधीनमा रही ठेक्का सञ्चालन गराउनु पर्ने जिम्मा निजकै भएको हुँदा सम्झौता अनुसार ठेकेदारसँग Performance Bond को रकम लिएर मात्र ठेक्का सम्झौता गर्नुपर्नेमा सो नगरेको, ठेक्काको दोस्रो किस्ता सम्झौता अनुसारको माघ मसान्तभित्र ठेकेदारले नबुझाए पनि निज प्रतिवादी शिवराज सेढाइँले उक्त दोस्रो किस्ता नतिर्ने ठेकेदारलाई कुनै कारवाही नगरेको हुँदा राजस्व रकम चुहावट गर्ने कार्यमा निजको प्रत्यक्ष संलग्नता देखिएको।
- प्रतिवादीहरू ओमशङ्कर प्रसाद र ओम सप्लायर्सले उक्त ठेक्का प्राप्त गरेपछि सम्झौता अनुसार तिर्नुपर्ने अन्तिम किस्ता बापतको रकम नबुझाई तथा सम्झौता अनुसार तिर्नुपर्ने मूल्य अभिबृद्धि करसमेत नबुझाई सार्वजनिक सम्पत्ति हानि नोक्सानी गरेको देखिएको। विश्वव्यापी कोरोना महामारीको कारण सम्झौता बमोजिम उत्खनन् गर्न नपाएको परिमाणको लागि मिन्हा गरी पाऊँ भनी बारा जिल्ला अदालतमा मुद्दा दर्ता गरेको, म प्रोप्राइटर रहेको ओम सप्लायर्सले कोही कसैसँग मिली राज्यलाई कुनै हानि नोक्सानी पुर्‍याएको छैन भनी निज प्रतिवादी ओमशङ्कर प्रसादले खुलाए तापनि कोभिड-१९ को कारण नेपालमा लकडाउन २०७६/१२/११ गतेबाट शुरू भएकोमा निज प्रतिवादीहरूले सम्झौता अनुसारको उत्खनन् कार्य पूर्ण क्षमतामा सञ्चालन भइरहेको अवस्थामा माघ मसान्तसम्म तिर्नुपर्ने दोस्रो किस्ता पनि नबुझाएको, प्रतिवादीहरूले गरेको उत्खनन् कार्य तोकिएको IEE को मापदण्ड विपरित गरेकोबाट पनि उक्त ठेक्का सम्झौतामा निज प्रतिवादीहरूको बदनियत शुरूदेखि नै रहेको प्रष्ट देखिएको। लकडाउन खुलेपछि तिर्नुपर्ने सरकारी राजस्व नतिरेको, दोस्रो किस्ता बापतको माघ मसान्तभित्र बुझाउनुपर्ने रकम पटकपटक भुक्तानीको लागि पत्र पठाउँदासमेत भुक्तानी नगरेको देखिंदा देखिंदै पनि सफाई दिने गरि भएको फैसला त्रुटिपूर्ण रहेको।

सहायक प्रवक्ता

देवी प्रसाद थपलिया

देहायः

| क्रसं | प्रतिवादीहरू | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरू |
|---|---|---|---|---|---|
| १ | **शिवराज सेढाईंसमेत** (वि.अ. को मुद्दा नं. ०७८-CR-०११६. फैसला मिति २०८०।१०।८ | राजश्व चुहावट र हानि नोक्सानी गरी भ्रष्टाचार गरेको। | **प्रमुख प्रशासकीय अधिकृत शिवराज सेढाईंको हकमा** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७(क) बमोजिमको कसुरमा बिगो रू. ९९,९९,९९९।– कायम गरी ऐ ऐनको दफा ७ बमोजिम जरिवाना हुन एवम् ऐ. ऐनको दफा ७ मा उल्लेख भए बमोजिम ऐ. ऐनको दफा ३(१)(ज) बमोजिम कैद सजाय हुन तथा **ओमशङ्कर प्रसाद र ओम सप्लायर्सको हकमा** नदीजन्य पदार्थको उत्खनन् तथा बिक्री वितरणको ठेक्का लिए वापत सम्झौता बमोजिम तिर्न बाँकी तेस्रो किस्ता वापत रू.९९,९९,९९९।- र बिक्री ठेक्का कबोल अङ्क रू.२,९९,९९,९९९।- को १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रू.३८,९९,९९९।८७ दाखिल गरेको नदेखिएकोले सो समेत गरी जम्मा रू. १,३८,९९,९९८।८७ (एककरोड अठतीसलाख उनान्सयहजार नौसय अन्ठानब्बे रूपैयाँ सतासी पैसा) सार्वजनिक निकायसमक्ष गरेको कबुलियत, सम्झौता पालन नगरी सार्वजनिक निकायलाई हानि नोक्सानी पुर्‍याएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिमको कसूरमा निजहरूलाई विगो रू. १,३८,९९,९९८।८७ कायम गरी ऐ ऐनको दफा ८(४) बमोजिम कैद तथा जरिवानाको | **फैसला**<br>सम्पूर्ण प्रतिवादीहरू उपरको आरोपदाबी पुग्न नसकी आरोपित कसूरबाट सफाइ पाउने।<br>**आधार**<br>**प्रतिवादी शिवराज सेढाईंको हकमा-**<br>क) निज प्रतिवादीले अनुसन्धानको क्रममा र अदालतमा गरेको बयानमा ठेक्का सम्झौता गर्दा ओम सप्लार्यसबाट राजस्व असुल नगर्ने, घटी राजस्व असुल गर्ने तथा घटी राजस्व असुल गराउन मद्दत गर्ने कुनै कार्य नगरेको; रकम असुली सम्बन्धमा उपमहानगरपालिकाबाट गरिदै आएको काम कारवाही टुङ्गोमा पुगी नसकेको अवस्थामा कार्यसम्पादन जमानत नलिएको कारणले ठेकेदारबाट तेस्रो किस्ता असुल हुन नसकेको कार्य राजस्व चुहावट नभएको भन्ने जिकीर लिई आरोपित कसुरमा इन्कार भएको।<br>ख) बेरुजु कायम भएको रकमको सम्वन्धमा सम्परीक्षण गरी फर्छ्यौट हुन सक्ने र त्यसरी सम्परीक्षण गर्न नसकिएमा बेरुजु औंल्याइएको रकम सम्वन्धित व्यक्तिबाट असुल गर्नुपर्ने हुन्छ। ओम | क. जि. बारा, जीतपुरसिमरा उपमहानगरपालिकाले पसाहा खोलाबाट स्वीकृत IEE प्रतिवेदनमा उल्लिखित परिमाणमा नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन तथा घाटगद्दी गरी बिक्री गर्ने कार्यको लागि मिति २०७६/७/३ गते प्रकाशित सूचनामा ठेक्का अवधि सम्झौता भएको मितिदेखि २०७७ जेष्ठ मसान्तसम्म रहने तथा ठेकेदारले पहिलो किस्ता आफूले कबोल गरेको कुल रकमको ३३% रकम सम्झौता गर्ने समयमा बुझाउनुपर्ने तथा बाँकी रकमलाई बराबर २ किस्तामा पहिलो किस्ता २०७६ माघ मसान्त भित्र र अन्तिम किस्ता २०७७ बैशाख मसान्त भित्र बुझाउनुपर्ने तथा ठेकेदारले सम्झौता गर्दा पहिलो किस्ता बाहेक बुझाउन बाँकी रकमको २०७७ असार मसान्तसम्म अवधि भई यस कार्यालयको नाममा ठेकेदारको तर्फबाट जारी बैङ्क जमानत (परफरमेन्स बन्ड) पेश गरेपछि मात्र ठेक्का सम्झौता गरी स्थायी चलानपुर्जी दिइनेछ भनी उल्लेख भएको र उपमहानगरपालिका र ओम सप्लायर्सबीच २०७६/८/१६ गते भएको सम्झौतामा सूचनाका शर्तहरू सम्झौताका अभिन्न अङ्गका रूपमा रहनेछन् भनी उल्लेख भएबाट पनि निज प्रतिवादीले ओम सप्लायर्ससँग पहिलो किस्ता बाहेकको रकमको हकमा परफरमेन्स वन्ड लिनुपर्ने सम्झौताअनुसारको दायित्व सृजना हुन्छ तर निजले सो नगरेको देखिन्छ। सम्झौताअनुसार ठेकेदारले उपमहानगरलाई भुक्तान गर्नुपर्ने दायित्व पुरा नगर्दै ठेकेदारले नदीजन्य पदार्थ बिक्री वितरण गर्दासमेत कुनै कारवाही सम्बन्धी कुनै प्रक्रिया पुरा गरेको नदेखिएको, ठेकेदार प्रतिवादीहरू ओमशङ्कर प्रसाद र ओम सप्लायर्सले सम्झौता विपरीत उत्खनन् कार्य गरेको देखिएको हुँदा नदी उत्खनन् कार्य रोक्ने सम्बन्धमा जिल्ला प्रशासन कार्यालय बाराले पत्राचार गर्दा समेत पनि नगरपालिकाका जिम्मेवार कर्मचारी निज प्रतिवादी शिवराज सेढाईंले सम्झौता गर्नुभन्दा अगाडि ठेक्का सूचनाअनुसार बैङ्क जमानत (Performance Bond) लिनुपर्नेमा नलिई बैङ्क जमानतबिना नै सम्झौतामा हस्ताक्षर गरेको, उत्खनन् कार्य रोक्का नगरी नियमित रूपमा उत्खनन्, बिक्री, वितरणको कार्य गर्न दिएको, ठेकेदारबाट सम्झौता बमोजिमको मितिमा राजस्व रकम दाखिला नभएपछि दाखिल गर्न पटक पटक पत्राचारसम्म गरे तापनि ठेक्का रोक्ने, कालोसूचीमा राख्नेजस्तो अधिकार प्राप्त अधिकारीले सार्वजनिक सम्पत्तिको हानि नोक्सानी रोक्न गर्नुपर्ने कुनै पनि कार्य गरेको नदेखिँदा प्रतिवादी शिवराज सेढाईं र ठेकेदारले मिलेमतो गरी अनिवार्य रूपमा लिनुपर्ने Performance Bond नलिई राजश्व चुहावट गरेको तथ्य प्रमाणित भएको छ।<br>क) बोलपत्र जमानत (Bid Bond) लाई Bid Security पनि भनिन्छ। सार्वजनिक निर्माण खरिद प्रकृयामा जमानत भनेको निर्माण व्यवायीले खरिदकर्तालाई आफ्नो कर्तव्य र दायित्व निर्वाह गर्ने कार्यको प्रत्याभूति वापतको सुरक्षण रकम हो। नेपालको सार्वजनिक खरिद व्यवस्थापनम बोलपत्र जमानत संलग्न नभई आएको बोलपत्र उपर कुनै कारवाही नै गरिदैन। सार्वजनिक खरिद ऐन, २०६३ ले जमानत भन्नाले कुनै काम टुङ्गो नलागेसम्म सुरक्षण वापत राखिएको जमानत रकम (Retention money or Earnest money) सम्झनुपर्छ र सो शब्दले बोलपत्र जमानत वा कार्यसम्पादन जमानत वा अन्य कुनै कारणले सुरक्षण राख्नुपर्नेमा सो वापत राखिएको रकमलाई जनाउने भन्ने उल्लेख गरेको पाइन्छ। त्यसैगरी आर्थिक कार्यविधि नियमावली, २०६४ ले धरौटी रकम भन्नाले कुनै काम टुङ्गो |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सजाय गरी बिगो रू. १,३८,९९,९९८।८७ समेत ऐ. ऐनको दफा ८(४) बमोजिम नै जफत हुनसमेतको मागदाबी। | सप्लायर्सबाट असुल गर्न बाँकी रकम असुल गर्न जीतपुर सिमरा उपमहानगरपालिकाले कारवाही चलाएको देखिएको छ। ठेकेदारबाट असुल गर्न बाँकी रकमको सम्वन्धमा ओम सप्लायर्सका प्रो. ओमशङ्कर प्रसादले जीतपुर सिमरा उपमहानगरपालिका उपर दायर काबु बाहिरको परिस्थितिको रकम मिनाहा गरिपाऊँ (०७८-CP-०८५६) मुद्दा विचाराधीन रहेको। विवादको रकमको सम्वन्धमा मुद्दा परी विचाराधीन रहेको देखिँदा सो रकम ठेकेदारले मिनाहा पाउने वा नपाउने विषय सो मुद्दाको फैसलाबाट निक्यौंल हुने अवस्था देखिन्छ।<br>ग) दाबीको कसूर कायम हुन दफा ७(क) बमोजिमको कसूर हुन असुल हुनुपर्ने राजश्व असुल नगरी वा घटी राजश्व असुल गरेको हुनुपर्ने। विवादित रकम असुल गर्न बाँकी नै रहेकोले राजश्व चुहावट नभएको।<br>घ) कार्यसम्पादन जमानत पेश नगरे पनि सम्झौता गर्दा बुझाउनुपर्ने बाँकी रकममध्ये ठेकेदारले दोस्रो किस्ताको रकम बुझाई तेस्रो किस्ताको रकममात्र बुझाउन बाँकी | नलागेसम्म सुरक्षण वापत राखिएको जमानत रकम (Retention money or Earnest money वा सो वापतको Bid Bond वा Performance Bond) सम्झनुपर्छ भनी परिभाषा गरेको पाइन्छ। बोलपत्र जमानत (Bid Bond) बाट Bidder ले परियोजना/योजनाको साहू वा बोलपत्र आह्वानकर्तालाई आफूले बोलपत्र सूचनामा उल्लेख गरेको काम प्राप्त गरेमा तोकिएको शर्त बमोजिम काम गर्न र बोलपत्र स्वीकृतिपछि काम पूरा गर्न नसकेमा क्षतिपूर्ति वापत दाखिल गरेको बोलपत्र जमानत (Bid Bond) जफत गर्नु भन्ने लिखित प्रतिबद्धता व्यक्त गरेको हुन्छ। बोलपत्र जमानत धितो जमानतको माध्यमबाट उपलब्ध गराउन सकिन्छ। सार्वजनिक खरिदमा Bid Bond बैङ्क जमानत प्राय: अनिवार्य गरिएको पाइन्छ। बोलपत्र जमानत (Bid Bond) बाट बोलपत्र (Bid) आह्वान गर्ने निकायले वित्तीय र कानुनी दुबै प्रत्याभूति (Assurance/Guarantee/Commitment) प्राप्त गर्छ भने ठेकेदार कम्पनीले बोलपत्र सम्झौता (Bid Agreement) को पालन गर्छ र सहमति जनाएको मुल्यमा नै कार्य सम्पन्न गर्नेछन् भन्ने कुराको बोलपत्र जमानत (Bid Bond) ले सुनिश्चितता प्रदान गर्छ। यसरी ठेक्का प्रकृयामा अनिवार्य मानिएको Bid Bond रकम नै नलिई ठेक्का सम्झौता गर्नु र ठेकेदार पक्षले सम्झौताबमोजिमको दोस्रो किस्ताको रकम नबुझाएकोले सो अवस्थामा ठेकेदारलाई कारवाही गर्ने कुनै Bid Security नै नरहेकोले यी प्रतिवादीहरूले मिलेमतो गरी बदनियतपूर्वक Bid Bond वापतको **Bank Security** नलिई नेपाल सरकारलाई नोक्सानी पुर्याएको प्रष्ट देखिँदा देखिँदै प्रतिवादीहरूलाई सफाइ दिइएको छ।<br>ख. प्रस्तुत मुद्दामा प्रतिवादी शिवराज सेढाइँले बयान गर्दा परफरमेन्स वन्ड सार्वजनिक खरिद ऐन र नियमावली सम्बन्धी प्रावधान भएको तर सार्वजनिक खरिद ऐनले खरिद सम्बन्धी विषयवस्तुलाई मात्र समेट्ने हुदाँ उक्त खोलाजन्य पदार्थ उत्खनन्, सङ्कलन तथा घाटगद्दी गरी बिक्री गर्ने कार्य ठेक्का सरकारी ठेक्का बन्दोबस्त सम्बन्धी ऐन, २०२० को दफा ३ अन्तर्गत देखिएको र उक्त ऐन बमोजिम नै यस ठेक्कामा ३ किस्तामा विभाजित कबुल रकम प्रत्येक चरणमा अग्रिमरूपमा किस्ता भुक्तानी गर्ने शर्तसहित कबुल रकममा कुनै छुट नदिई प्रथम किस्ता वापतको रकम अग्रिम दाखिला गराईमात्र सम्झौता गरेको भन्नेसमेत व्यहोरा उल्लेख गरे तापनि उक्त ठेक्काको प्रकाशित सूचना र सम्झौतामा कहींकतै पनि कुनै ऐन नियमको उल्लेख नभएको अवस्थामा दुई पक्षबीचको सम्झौताका शर्तहरू नै उक्त ठेक्का सञ्चालनको मुख्य आधार रहने कुरामा दुइमत छैन। निज प्रतिवादी शिवराज सेढाइँ उक्त ठेक्काको पक्षसमेत रहेको अवस्थामा उक्त ठेक्का सम्झौतामा शर्तहरूको अधीनमा रही ठेक्का सञ्चालन गराउनु पर्ने जिम्मा निजकै भएको हुँदा सम्झौता अनुसार ठेकेदारसँग Performance Bond को रकम लिएर मात्र ठेक्का सम्झौता गर्नुपर्नेमा सो गरेको देखिदैन भने उक्त ठेक्काको दोस्रो किस्ता सम्झौता अनुसारको माघ मसान्तभित्र ठेकेदारले नबुझाए पनि निज प्रतिवादी शिवराज सेढाइँले उक्त दोस्रो किस्ता नतिर्ने ठेकेदारलाई कुनै कारवाही गरेको, ठेक्का रद्द गर्ने, कालोसूचीमा राख्नेसमेतको कार्य नगरेको हुँदा कारण राजस्व रकम चुहावट गर्ने कार्यमा निजको प्रत्यक्ष संलग्नता देखिन्छ।<br>ग. प्रतिवादीहरू ओमशङ्कर प्रसाद र ओम सप्लायर्सले उक्त ठेक्का प्राप्त गरेपछि सम्झौता अनुसार तिर्नुपर्ने अन्तिम किस्ता बापतको रकम नबुझाई तथा सम्झौता अनुसार तिर्नुपर्ने मूल्य अभिबृद्धि करसमेत नबुझाई सार्वजनिक सम्पत्ति हानि नोक्सानी गरेको देखिन्छ। सम्झौता बमोजिम उत्खनन् गर्न भनिएको परिमाणमा विश्वव्यापी कोरोना महामारीको कारण उत्खनन् गर्न नपाएको परिमाणको लागि |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | रहेको।<br>**प्रतिवादी ओम सप्लायर्स र सोका प्रोप्राइटर ओमशङ्कर प्रसादको हकमा**<br>क) प्रतिवादीहरूले उक्त रकम मिनाहाका लागि प्रयास गरी बारा जिल्ला अदालतमा मुद्दासमेत दायर गरेको भनी कसूरमा इन्कार रहेको।<br>ख) यी प्रतिवादीहरूले बुझाउन बाँकी रकम बेरूजु जनाई असुलउपरको प्रकृयामा रहेको।<br>क) कवोल रु.२,९९,९९,९९९।- को १३% ले हुने मूल्य अभिवृद्धि कर बापतको रु. ३८,९९,९९९।८७ को सम्वन्धमा आरोपपत्रमा मूल्य अभिवृद्ध कर तिरे, नतिरेको र मूल्य अभिवृद्धि करको विलसमेततर्फ प्रचलित कानुनबमोजिम अनुसन्धान एवम् कारवाही गर्न राजस्व अनुसन्धान विभागमा लेखी पठाइएकोले सो विषयमा हानि नोक्सानी गरेको ठहर गर्न नमिल्ने। | मिन्हा गरी पाऊँ भनी बारा जिल्ला अदालतमा मुद्दा दर्ता गरेको, म प्रोप्राइटर रहेको ओम सप्लायर्सले कोही कसैसँग मिली राज्यलाई कुनै हानि नोक्सानी पुऱ्याएको छैन भनी निज प्रतिवादी ओमशङ्कर प्रसादले खुलाए तापनि कोभिड-१९ को कारण नेपालमा लकडाउन २०७६/१२/११ गतेबाट शुरू भएको हो तर निज प्रतिवादीहरूले उपमहानगरलाई सम्झौता अनुसार उत्खनन् कार्य पूर्ण क्षमतामा सञ्चालन भइरहेको अवस्थामा माघ मसान्तसम्म तिर्नुपर्ने दोस्रो किस्ता पनि नबुझाएको, उक्त समयमा प्रतिवादीहरूले गरेको उत्खनन् कार्य तोकिएको IEE को मापदण्ड विपरित गरेकोबाट पनि उक्त ठेक्का सम्झौतामा निज प्रतिवादीहरूको बदनियत शुरूदेखि नै रहेको प्रष्ट देखिन्छ। लकडाउन खुलेपछि उत्खनन् कार्य शुरू भएपछि पनि तिर्नुपर्ने सरकारी राजस्व नतिरेको, उपमहानगरले दोस्रो किस्ता बापतको माघ मसान्तभित्र बुझाउनुपर्ने रकम पटकपटक भुक्तानीको लागि पत्र पठाउँदासमेत भुक्तानी नगरेको र पछि असारसम्म उत्खनन् कार्य लम्व्याउने मनसायले २०७७/२/२७ गते ७०,००,०००।- र मिति २०७७/३/१५ गते ३०,००,०००।- रकम बुझाएको देखिन्छ। कोभिड-१९ को कारण लकडाउन भई उत्खनन् कार्य उक्त अविधभर रोकिएको बाँकी समय पूर्णरूपमा सञ्चालनमा रहेको तथ्य निज प्रतिवादीहरू ओमशङ्कर प्रसाद र ओम सप्लायर्सले उपमहानगरलाई छुट पाऊँ भनी लेखेको निवेदनबाट देखिन्छ तर निज प्रतिवादीहरूले २०७७ असाढ मसान्तसम्म नदीजन्य सामग्री पूर्ण क्षमतामा उत्खनन् गरेको देखिएको अवस्थामा निज प्रतिवादीहरूले सम्झौता बमोजिमको नदीजन्य सामग्री उत्खनन् गरेको प्रष्टै देखिन्छ। निज प्रतिवादीहरूले उत्खनन् गरेका नदीजन्य सामग्रीहरू श्रावण महिनासम्म पनि बिक्री वितरण गरेको विषय जिल्ला प्रशासन कार्यालय बाराले जिल्ला प्रहरी कार्यालय वारालाई नदीजन्य बिक्री वितरणमा रोक गराउने सम्बन्धमा मिति २०७७/४/२ लेखेको पत्रबाट देखिन्छ।<br>घ. प्रस्तुत कसुरमा ठेकेदार प्रतिवादीहरूले सम्झौता अनुसार पूर्ण क्षमतामा उत्खनन् कार्य सञ्चालित अवस्थामा समेत सम्झौता अनुसार बुझाउनुपर्ने राजस्व बुझाउन कुनै चासो नदिएको, उपमहानगरले समेत निजउपर कुनै ठोस कारवाही प्रक्रिया नबढाएको, सम्झौता बमोजिमको नदीजन्य सामग्री उत्खनन् एवम् बिक्री वितरण गरिसकेको अवस्थामा समेत कोभिड-१९ को बहाना देखाई सरकारी राजस्व नतिर्ने मनसायले बारा जिल्ला अदालतमा मुद्दासमेत दायर गरेको समेतबाट उक्त कसूरजन्य क्रियाकलापमा प्रतिवादीहरूले आपसमा मिलेमतो तथा पूर्व सल्लाह एवम् योजना अनुरूप नै बदनियत राखी सार्वजनिक रकम हानि नोक्सानी गरेको देखिन्छ। यस सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट *सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा दुरूपयोग भएको कुरा उसको व्यवहारबाट देखिने हुन्छ, अर्थात् कार्य तत्वले नै बदनियत तत्व र मनसाय तत्व पत्ता लाग्छ* भन्ने सिद्धान्त प्रतिपादन भएको (स.अ.बुलेटिन वर्ष १८ अङ्क १५, पृ १९) अवस्थामा प्रस्तुत मुद्दामा प्रतिवादीहरूले गरेको कार्यको चरणबद्ध कडीहरू विश्लेषण गर्दा निजहरूले जानीजानी बदनियतपूर्वक सार्वजनिक सम्पत्ति हानि नोक्सानी पुऱ्याएको देखिन्छ। *भ्रष्टाचार निवारण ऐनको संरचनाबाट सार्वजनिक उत्तरदायित्व भएका पदाधिकारी तथा राष्ट्रसेवकले अन्य व्यक्तिहरूसँग मिली भ्रष्टाचारजन्य कार्य गरी सरकारी वा सार्वजनिक सम्पत्तिको हिनामिना गर्ने, आफू वा अन्य व्यक्तिलाई लाभ वा हानि पुऱ्याउने कार्य गरेमा सो कार्यमा संलग्न रहेका पदाधिकारी, संस्था वा व्यक्तिलाई समेत कसुरदार ठहर हुने* (नेक.ाप.. २०७६ नि.नं 10387 .मुद्दाभ्रष्टाचार :) मुद्दामा सर्वोच्च अदालतले प्रतिपादित |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | सिद्धान्त विपरीत विशेष अदालतले गरेको फैसला बदरभागी छ। *भ्रष्टाचारजन्य कार्य हुनका लागि आर्थिक लाभ वा हानिमात्र पर्याप्त आधार होइन। अवाञ्छित किसिमको दोषपूर्ण गतिविधि पनि भ्रष्टाचारजन्य कसुरको अर्को महत्त्वपूर्ण आधार हो। प्रतिवादीको गैरकानूनी र अवाञ्छित किसिमको दोषपूर्ण गतिविधिबाट कसैको हानि हुने र कसैले लाभ पाउने अवस्था हुन्छ भने सो कार्य पनि भ्रष्टाचारजन्य कसुरको दायराभित्र पर्ने नै हुन्छ।* साथै प्रतिवादीले त्यस किसिमको गैरकानूनी र अवाञ्छित किसिमको गतिविधि केवल आर्थिक लाभ हानि पुऱ्याउने मनसायका साथ गरेको थिएन भन्ने आधारमा मात्र उक्त दोषपूर्ण कार्यबाट निजले उन्मुक्ति पाउने अवस्था नरहने भनी सर्वोच्च अदालतबाट (मथुरा ढकाल समेत बिरूद्ध नेपाल सरकार नि.नं. १०१४२) सिद्धान्त प्रतिपादित छ।<br>ङ. प्रतिवादी ठेकेदारहरूले ठेक्का रकमअनुसारको मूल्य अभिबृद्धि कर रकम नबुझाएको भनी आन्तरिक राजश्व कार्यालय, सिमरा बाराको च.नं १००७ मिति २०७९।२।१९ गतेको पत्रसमेतबाट देखिँदा निज प्रतिवादीहरूले मूल्य अभिबृद्धि कर रकम नबुझाएको तथा कोभिड-१९ जस्तो विश्वव्यापीरूपमा फैलिएको महामारीले विश्व अर्थतन्त्र नै धराशयी बनाएको समयमा कोभिड बिरूद्धको लडइँमा राज्यले विकास निर्माणका अन्य क्रियाकलापहरूमा विराम लगाएर भए पनि सार्वजनिक कोष खर्च गरेको समयमा राज्यले उठाउनुपर्ने राजस्व त्यही कोभिडको बहानामा नतिर्नु भनेको निजहरूले महामारी फैलिएको सङ्कटको लाभ लिई कसुर गरेको हुँदा प्रस्तुत मुद्दामा कसुरको गम्भीरता बढेको देखिन्छ।<br>च. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५९ मा प्रचलित कानूनमा जनुसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत दायर हुने वा भएको मुद्दामा देहायका कुरामा देहाय बमोजिम हुनेछ- (क) कुनै राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिले यस ऐन अन्तर्गत कसूर मानिने कुनै काम गरेको वा त्यस्तो काम गर्ने सिलसिलामा अन्य प्रचलित कानून बमोजिम कसूर मानिने कुनै कामसमेत गरेको रहेछ भने निज उपर अन्य प्रचलित कानून बमोजिम छुट्टै मुद्दा चलाउन बाधा पर्नेछैन भन्ने उल्लेख भएको हुँदा मूल्य अभिबृद्धि करका सम्बन्धमा थप अनुसन्धानका लागि राजश्व अनुसन्धान विभागमा पठाइए पनि यस आयोगको तर्फबाट आरोपपत्र माग दाबी बमोजिम कसूर ठहर गर्न मिल्ने अवस्थामा सफाइ दिने गरी उल्लेख भएको अदालतको आधार कानुनसङ्गत नरहेको हुँदा त्रुटिपूर्ण फैसला बदर गरी पाऊँ। |